# किर्ते कागज...

तर, जापानबाट फर्केका तीन युवा शेर्पा, राई र देवकोटासहित धादिङका महेश पाण्डे, दोलखा जिरीका वीरबहादुर सुनुवार, ओखलढुंगा रातमाटेका नवीन राई र गुडी राई, मोरङ इटहरीका गोपाल भनिने योगराज गौतम, उदयपुर त्रियुगाका दिवाकर भट्टराई र विष्णुप्रसाद भट्टराईविरुद्ध मात्र मुद्दा चलाइएको छ ।

जिल्ला न्यायाधिवक्ता सीताराम अर्यालले अधिकारीको संलग्नता पुष्टि हुने आधार र तथ्य नभेटिएकाले उनीबाहेक अरूको हकमा मात्र प्रतिवादी बनाएर मुद्दा दायर गरिएको बताए । 'तथ्य र प्रमाण पुगेकाको हकमा मुद्दा दायर गर्ने हो, उहाँको हकमा त्यस्तो देखिएन,' अर्यालले भने, 'जोजसको संलग्नता कसुरमा पुष्टि भयो, उनीहरूको हकमा मुद्दा दायर भएको हो ।' प्रतिवादीमध्येका मोरङ इटहरीका गौतम र उदयपुरका भट्टराईद्वय हाल फरार छन् । प्रतिवादीविरुद्ध किर्ते र मानव बेचबिखन तथा ओसारपसारको कसुरमा सजाय हुनुपर्ने मागदाबी गरिएको छ । तर, यही कसुरमा पक्राउ परेर अनुसन्धानको दायरामा आएका अधिकारीलाई मुद्दा चलाउनुपर्ने प्रहरी रायविपरीत सरकारी वकिल कार्यालयबाट चोख्याइएको हो ।

फरारमध्येका दिवाकर भट्टराई भिजिट भिसामा अमेरिका गएर उतै लुकी ७ वर्षपछि स्थायी आवासीय अनुमतिपत्र (ग्रिनकार्ड) पाएर गएको वर्ष मात्र नेपाल आएको खुलेको छ । उनै भट्टराईमार्फत जापानको कार्यक्रम तय गरेर तीन जनालाई आफूसहितका व्यक्ति मिलेर पठाएको बयान प्रतिवादीमध्येका महेश पाण्डेले दिएका छन् ।

अनुसन्धानमा संलग्न एक प्रहरी अधिकृतले जापानमा गैरकानुनी रूपमा मानिस लगेर उतै लुकाउने गिरोहको योजनामा अधिकारीको संलग्नता पुष्टि हुने आधार र प्रमाण भेटिएरै उनीसमेतलाई प्रतिवादी बनाएर रायसहित अनुसन्धान प्रतिवेदन सरकारी वकिल कार्यालयमा बुझाइएको तर अभियोगपत्र दायर हुँदा अधिकारीलाई उन्मुक्ति दिइएको गुनासो गरे ।

प्रदेश र संघ सरकारको स्वीकृति नलिइकनै गिरोहको योजनामा तीन युवालाई जापान छाड्ने तयारीका साथ 'आर्ट्स काउन्सिल टोकियो' ले अक्टोबर २९ देखि नोभेम्बर ३ सम्म आयोजना गर्ने भनिएको 'कल्चर एन्ड होम' कार्यक्रममा भाग लिन अधिकारी गएका थिए । त्यसका लागि खोटाङ ऐंसेलुखर्क गाउँपालिकाका शेर्पालाई सोही पालिकाको २ नम्बर वडाको सदस्य तथा देवकोटा र राईलाई कोशी प्रदेशको कानुन मन्त्रालयको कर्मचारी बनाइएको थियो ।

जापान पठाएबापत गिरोहले रसुवाका देवकोटा र खोटाङ केपिलासगढीका राईबाट १०/१० लाख रुपैयाँ र ऐंसेलुखर्कका शेर्पाबाट ११ लाख ५५ हजार रुपैयाँ असुलेको अनुसन्धानबाट खुलेको थियो । त्यसरी असुलेको रकम नक्कली परिचयपत्र बनाउनेदेखि जापान उडाउने सेटिङमा संलग्नले बाँडेर लगेको पनि खुलेको छ । रकम असुल गर्नेमध्येका महेश पाण्डे र गिरोहकै सञ्जालका मोरङ इटहरीका गौतमसहित बसेर अधिकारीले जापान उड्नुअघि त्रिभुवन विमानस्थल आसपासमा सामूहिक तस्बिर पनि खिचाएका थिए ।

सरकारी वकिल कार्यालयले भने अधिकारीलाई मुद्दा नचल्नुका नौवटा आधार देखाएको छ । अधिकारी स्वयंले जापानको नारिता विमानस्थलबाट घटनाको सम्बन्धमा नेपाल प्रहरीलाई खबर गरेको भनिएको विषयलाई मुद्दा नचल्नुको पहिलो आधार मानिएको छ । जापान सरकारले अन्य तीन प्रतिवादीलाई एउटा प्रक्रिया र अधिकारीलाई अर्कै प्रक्रिया अपनाएर फर्काएको भन्ने विषय उन्मुक्तिको दोस्रो आधारका रूपमा लिइएको छ । रकम बुझाएर गएका युवालाई 'एक्सक्लुजन अर्डर' (अपवाद आदेश) बाट फर्काइएको तर अधिकारीको हकमा निज स्वयंले अनुरोध गरी फिर्ता भई आएको दाबी सरकारी वकिलको पनि दाबी छ । अन्य प्रतिवादीले अनुसन्धानका क्रममा बयान गर्दा निजको संलग्नता सम्बन्धमा केही नबोलेको, अधिकारीले आरोप इन्कार गरेको, मिसिलमा संलग्न रहेको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको सीसी फुटेजमा समेत निज एक्लै सवार भएको देखिएको, पक्राउ परेका व्यक्तिले पठाएका सन्देश पनि हेरेको नदेखिएको लगायतलाई उन्मुक्तिको आधार बनाइएको छ ।

जापान उड्नु अघिल्लो दिन कात्तिक १२ मा अधिकारीलाई मुख्यमन्त्री कार्कीले विदेश यात्राको मापदण्ड स्मरण गराएका थिए तर उनले यसलाई बेवास्ता गरे । मन्त्रीजस्तो सार्वजनिक ओहदा र जनप्रतिनिधिले गिरोहलाई राहदानी दिएर भिसा प्रबन्ध गरेका थिए । मन्त्रीको विदेश यात्रामा सहजीकरण र भिसालगायतका बन्दोबस्ती सरकारले गर्छ, अधिकारी भने गिरोहको योजनामा जापान उडेका थिए । जापानबाट फिर्ता भएपछि अधिकारीले 'तस्करीमा संलग्न कसैलाई आफूले नचिन्ने' दाबी गरे, तर जापान उड्नुअघि गिरोहकै महेश पाण्डे र अर्का प्रतिवादी गौतमसँग सामूहिक तस्बिर खिचाएको अनुसन्धानबाटै पुष्टि भइसकेको छ ।

हङकङ पुगेपछि मात्र आफू गिरोहको फन्दामा परेको चाल पाएको र जापान पुगेपछि आफूले प्रहरीका केही अधिकृतलाई गिरोहबारे सूचना दिएको अधिकारीको भनाइ छ । तर, हङकङमै थाहा पाएको भए उनले किन त्यहींबाट अपराधबारे नेपालमा खबर गरेनन् भन्ने कुराले पनि उनको यात्रा योजनाबद्ध नै थियो भन्ने विषय स्थापित गराएको प्रहरीका एक अधिकारी बताउँछन् । उनले जापानबाट फर्केपछि मन्त्री पदबाट राजीनामा गरेका थिएनन्, मुख्यमन्त्री कार्कीले राजीनामा गर्न दबाब दिएपछि मात्रै पद छाड्न बाध्य भएका थिए ।

# सुन एकै दिन...

नेपालमा वाणिज्य बैंकले मात्रै सुन आयात गर्ने अनुमति पाएका छन् । सुनको भाउले कीर्तिमानीमाथि कीर्तिमानी बनाएपछि बैंकहरूले थोरैथोरै आयात गरेका थिए । वाणिज्य बैंकहरूले तिहारताका ३२ किलो सुन आयात गरेका थिए । त्यस बेला व्यवसायीले महँगोमा खरिद गरेको सुन सोमबार सस्तोमा बिक्री गर्न चाहेनन् । 'अब बैंकहरूले सुन आयात गरेपछि मात्रै बजार चलायमान हुन्छ, सर्वसाधारणलाई दिन सकिन्छ,' ती व्यवसायीले भने । भाउ घटेपछि बैंकले पनि सुन आयातको प्रक्रिया थालेका छन् । उनीहरूले आयातको पालो लगाइदिन बैंकर संघलाई आग्रह गरेका छन् । 'बैंकको सुन बिक्री नहुँदा बैंकहरूले आयात गर्न चाहेनन् । सस्तो भएपछि बैंकहरूले इच्छुक छन्, पालो लगाइदिन आग्रह गरेका छन्,' संघले भनेको छ ।

# अनलाइन अवरुद्ध...

यस्ता घटना हुँदा केही चासो दिएको जस्तो गरे पनि जिम्मेवार निकाय र अधिकारीहरू साइबर सुरक्षा र सूचना प्रविधि प्रणाली व्यवस्थापनको मामिलामा अनविज्ञ वा अनिच्छुक देखिने गरेका छन् । सरकारी वेबसाइटहरू बारम्बार बन्द हुने समस्याले सेवाग्राहीको काममा अवरोध त ल्याएको छ नै राज्यका महत्त्वपूर्ण डेटा सुरक्षामा गम्भीर जोखिम खडा गरेको साइबर सुरक्षा विज्ञहरूको धारणा छ ।

पछिल्लो घटनामा विभागले भाइरसको फैलावट रोक्न सेवा बन्द गरेको र प्रणाली पुनः सञ्चालनमा आउन एकदेखि दुई हप्ता लाग्ने जनाएको छ । तर, साइबर सुरक्षा विज्ञ विजय लिम्बू यो भनाइप्रति आश्चर्य प्रकट गर्छन् । उनका अनुसार उचित ब्याकअप अर्थात् 'डिजास्टर रिकभरी प्रणाली र बिजनेस कन्टिन्युटी प्लान' भएको खण्डमा सामान्य समस्याहरू ८ देखि ९ घण्टामै समाधान गर्न सकिन्छ । 'एक/दुई हप्ता नै लाग्ने भनेको सारा प्रणालीमै मालवेयर फैलिएको हो कि भन्ने आशंका उब्जाएको छ,' उनले भने, 'यस्तोमा सेवाग्राहीका बायोमेट्रिकजस्ता अति संवेदनशील डेटा सुरक्षित छन् कि छैनन् भन्नेमा सेवाग्राहीका रूपमा मेरो पनि चासो छ ।' यस विषयमा विभागले पारदर्शी ढंगले सूचना प्रवाह गर्नुका साथै नागरिकका डेटा सुरक्षित छन् भन्ने सुनिश्चितता गर्नुपर्ने विज्ञ लिम्बूले बताए । सरकारी प्रणालीको सुरक्षामा आवश्यक ध्यान नदिँदा यस्ता समस्या आउने गरेको विज्ञहरूको राय छ । 'एउटा कम्प्युटरमा भाइरस पस्यो भन्दैमा सारा प्रणाली नै ठप्प हुनु लाजमर्दो कुरा हो,' सिंहदरबारमै कार्यरत एक कम्प्युटर इन्जिनियर भन्छन्, 'प्रत्येक डेटाबेससँग छुट्टै सुरक्षा सर्भर हुनुपर्ने हो तर हामीकहाँ न सर्भर न क्लाइन्ट कम्प्युटर, कतै पनि समेत साइबर सुरक्षाका लागि कुनै पनि मेकानिजम छैन ।'

उपराष्ट्रपतिको कार्यालय, नेपाल राजपत्रजस्ता निकायको वेबसाइटमा एसएसएल प्रमाणपत्रजस्ता अत्यन्तै आधारभूत सुरक्षासम्बन्धी व्यवस्थासमेत नगरिएको देखिन्छ । यसले यी वेबसाइटहरूलाई ह्याकिङ र अन्य साइबर आक्रमणका लागि सजिलो निसाना बनाइदिएको छ । विज्ञ लिम्बूका अनुसार साइबर सुरक्षासम्बन्धी समस्या आउँदा सरकारी निकायहरूले पारदर्शी रूपमा विवरण सार्वजनिक गर्दैनन् । यो ढाकछोप गर्ने प्रवृत्तिले समस्यालाई झनै गम्भीर बनाउने उनले बताए । 'राहदानी विभागको हालको समस्यामा पनि यो प्रवृत्ति देखियो, विभागले प्रणाली सुरक्षित रहेको भने पनि सेवाग्राहीको बायोमेट्रिक विवरणसहितका संवेदनशील डेटा कसरी सुरक्षित राखिएको छ भन्ने कुनै स्पष्ट विवरण दिएको छैन,' उनले औंल्याए । सरकारी प्रणालीको बारम्बार ठप्प हुनुका प्रमुख कारणहरूमध्ये एउटा कमजोर पूर्वाधार पनि हो । सिंहदरबारस्थित एकीकृत डेटा व्यवस्थापन केन्द्र (राष्ट्रिय सूचना प्रविधि केन्द्र) ले सरकारी वेबसाइटहरूको 'होस्टिङ' गरिरहँदा त्यहाँ पर्याप्त सुरक्षा उपायहरू अपनाइएको पाइँदैन । 'हाम्रो सबैभन्दा संवेदनशील पूर्वाधार भनेको डेटा हो, जसलाई डेटा व्यवस्थापन केन्द्रले व्यवस्थापन गर्ने जिम्मा लिएको छ तर बजेट अभावका कारण डेटा सेन्टरले एसएसएल लाइसेन्स नवीकरणसमेत गर्न सकेको छैन,' एक कम्प्युटर इन्जिनियरले भने ।

नेपालमा धेरै सरकारी सेवा अनलाइन प्रणालीमा निर्भर हुन थालेका छन् । राहदानी, यातायात व्यवस्था, कर कार्यालय, मालपोतजस्ता निकायले आफ्ना सेवाहरू अनलाइनमार्फत उपलब्ध गराउन थालेका छन् । तर कमजोर सर्भर क्षमता, अपग्रेड नभएको सफ्टवेयर र अत्यधिक चापका कारण प्रणाली ठप्प हुने समस्या ज्युँका त्युँ छन् । सूचना प्रविधि विभागको तथ्यांकअनुसार आर्थिक वर्ष २०८०/८१ मा ६४ वटा सरकारी निकायका ९० वेबसाइट एवं एप्लिकेसनहरूमा सूचना प्रविधि प्रणाली सुरक्षा परीक्षण गरिएको उल्लेख छ । तर, यो संख्या देशभरका विभिन्न निकायको संख्या हेर्दा नगन्य हो ।

सरकारले साइबर सुरक्षासँग सम्बन्धित अनुसन्धान, अनुगमन, नीति निर्माणलगायत कार्य गर्ने गरी करिब एक वर्षअघि स्थापना गरेको राष्ट्रिय साइबर सुरक्षा केन्द्रसँग कम्प्युटरसमेतका उपकरण छैनन् भने दरबन्दीअनुसार जनशक्ति वा विज्ञ पनि उपलब्ध छैनन् । सिंहदरबार परिसरमा पुरानो गृह मन्त्रालयको एक कुनामा बेवास्तापूर्वक राखिएको यस केन्द्रले साइबर सुरक्षामा सरकारको अनिच्छालाई प्रतिबिम्बित गर्छ । नेपालको सरकारी वेबसाइटहरू बारम्बार डाउन हुने समस्यालाई प्रशासनिक लापरबाही र साइबर सुरक्षामा ध्यान नदिँदाको परिणाम भएको जानकारहरू बताउँछन् । डेटा एन्ड कम्प्युटर साइन्सका प्राध्यापक राजन थपलियाका अनुसार नेपालमा साइबर सुरक्षासम्बन्धी सचेतनाको पनि कमी छ । उनले प्रणालीलाई सुरक्षित राख्न नियमित रूपमा निगरानी र मूल्यांकन गरिरहनुपर्नेमा जोड दिए ।

जबकि सरकारले आगामी दशकलाई सूचना प्रविधि दशक घोषणा गरिरहँदा सरकारी निकाय र अधिकारीहरूको डिजिटल वा साइबर प्राथमिकता भने हार्डवेयर र सफ्टवेयर खरिदमा केन्द्रित देखिन्छ । अर्थ मन्त्रालयको केही तथ्यांक हेर्दा गएको दस वर्षमा झन्डै ३ खर्ब रुपैयाँ सूचना प्रविधिसम्बन्धी खरिदमा खर्च भएको छ र बर्सेनि त्यसको व्यवस्थापन र मर्मतमा अर्बौं रुपैयाँ लाग्ने गरेको अर्थका अधिकारीहरूको अनुभव छ । यत्तिका खर्चिलो प्रणाली र प्रविधिहरूको व्यवस्थापन र नियन्त्रण केही निकायलाई छोडेर निजी क्षेत्र, करारका कर्मचारी, विदेशी भेन्डर वा कम्प्युटर अपरेटरको जिम्मामा छोड्ने गरिएको पाइन्छ । यसले गर्दा विभागमा आएको शैलीका समस्या पर्दा अरूको भर पर्नुपर्ने अवस्था छ ।

**नियोग र जिल्लाबाट वितरणमा अझै समय लाग्ने**

राहदानी वितरण सेवा आइतबारबाट आंशिक सुचारु भए पनि विदेशस्थित नियोग र जिल्ला तथा इलाका कार्यालयबाट वितरण गर्न भने अझै केही दिन लाग्ने विभागको भनाइ छ । राहदानी विभागका महानिर्देशक तीर्थराज अर्यालका अनुसार राहदानी आवेदन प्रणालीसँग सम्बन्धित केही कम्प्युटरहरूमा भाइरस प्रवेश गरेको प्रारम्भिक सूचना प्राप्त भएपछि सम्पूर्ण प्रणालीको परीक्षण गरिएको छ । 'भाइरस परीक्षणका क्रममा राहदानी विभागको केन्द्रीय प्रणालीमा समस्या नभएको सुचारु गरिएको छ । तर अझैसम्म कुन कम्प्युटर वा स्थानबाट भाइरस छिर्‍यो भन्ने थाहा हुन सकेको छैन,' उनले कान्तिपुरसँग भने, 'हामीले आइतबार १६ सय र सोमबार २४ सय जना सेवाग्राहीका लागि फारम खुला गरेका छौं । विभागमा राहदानी वितरणको अवस्था सहज भइसकेको छ ।' उनले जिल्ला र नियोगहरूमा रहेको कम्प्युटरहरूमा भाइरसको परीक्षण गरिने र त्यसलाई रोक्नका लागि आवश्यक गृहकार्य भइरहेको जानकारी दिए । 'भविष्यमा फेरि भाइरसले प्रभाव नहोस् भन्ने गरी काम गर्नेछौं र त्यसपछि मात्र जिल्ला र नियोगहरूमा फारम खुला गर्नेछौं,' उनले भने ।

उनका अनुसार राहदानीको प्रक्रियामा प्रि-इनरोलमेन्ट, त्यसपछि भेरिफिकेसन, इनरोलमेन्ट र अन्त्यमा भ्यालिडेसन हुन्छ । 'ती प्रक्रियाको पहिलो प्रि-इनरोलमेन्ट हरेकले घर-घरबाट गर्ने नै हो । तर भेरिफिकेसनको दौरानमा केही स्थानका कम्प्युटरमा भाइरस छिरेको थाहा भयो । त्यसपछि हामीले सतर्कता अपनाएर सम्पूर्ण सिस्टमको परीक्षण गरिरहेका छौं,' उनले भने, 'तर हालसम्म कुन कम्प्युटर वा स्थानबाट यो भाइरस आयो भन्ने थाहा छैन । तर विभाग रहेको कम्प्युटर वा सिस्टमबाट भने होइन भन्ने थाहा पाएपछि केन्द्रमा नियमित रूपमा काम थालेका छौं ।' उनले भाइरसको विषय सामान्य देखिए पनि ठूलो 'थ्रेट' भएको उल्लेख गरे ।


ग्लोबल एग्रो प्रोडक्टस् प्रा.लि. चितवनको

## कर्मचारी आवश्यकता सम्बन्धि सूचना

यस कम्पनीको लागि देहायका पदहरुमा कर्मचारीहरुको आवश्यकता परेकोले इच्छुक नेपाली नागरिकले आफ्नो बायोडाटा र शैक्षिक योग्यता सहित यो विज्ञापन प्रकाशित भएको मितिले ७ दिन भित्र यस कम्पनीको ई-मेल ठेगाना globalagro.nepal@gmail.com, ०५६-४९३२३९ वा कम्पनीको मुख्य कर्पोरेट कार्यालय भ.म.न.पा.-३, न्युरोडमा आई दरखास्त दिनुहुन आह्वान गरिन्छ ।

| क्र.सं. | पद | योग्यता/अनुभव | कार्यक्षेत्र | आवश्यकता संख्या | पारिश्रमिक |
|---|---|---|---|---|---|
| १ | फाइनान्स अफिसर (Finance Officer) | - MBA, MBS Accounting, Semi CA वा सो सरह<br>- Tax & VAT र कम्प्युटर सम्बन्धि राम्रो ज्ञान भई कम्तीमा ३ वर्षको अनुभव भएको | मुख्य कार्यालय नारायणगढ, चितवन । | केही | आपसी समझदारीमा तय गरिने । |
| २ | टेक्नो-कर्मसियल अफिसर (Techno- Commercial Officer) | - BVSc & AH<br>- पशुपंक्षीको दाना बिक्री तथा मार्केटिङमा राम्रो दखल भई कम्तीमा ३ वर्षको अनुभव भएको । | जिल्ला नवलपरासी दाउन्नेदेखि पश्चिम नेपालको क्षेत्र, पोखरा र काठमाडौं । | केही | आपसी समझदारीमा तय गरिने |
| ३ | फिड स्टोर सुपरभाइजर (Feed Store Supervisor) | - BBA/BBS वा सो सरह<br>- कम्प्युटर, Excel, Accounting Software र Store Keeping सम्बन्धि राम्रो ज्ञान भई कम्तीमा ३ वर्षको अनुभव भएको । | कारखाना, मोहनपुर, चितवन । | केही | आपसी समझदारीमा तय गरिने |
| ४ | बजार अधिकृत (Marketing Officer) | - BBA/BBS वा सो सरह<br>- पशुपंक्षीको दाना बिक्री तथा मार्केटिङमा राम्रो अनुभव भई कम्तीमा ३ वर्षको अनुभव भएको । | मुख्य कार्यालय नारायणगढ, चितवन । | केही | आपसी समझदारीमा तय गरिने |



## JOB ANNOUNCEMENT

First date of publication: 22 November 2024

United Nations Development Programme (UNDP) Nepal works with the people and Government of Nepal, and other development partners to pursue equitable and sustainable human development goals through eradication of poverty, increase in livelihood opportunities, improvement in community resilience against conflict, disasters, and impact of climate change, while laying down strong foundations for a society based on rule of law with an inclusive and participatory democracy.

*UNDP Nepal is seeking applications from qualified and result oriented Nepalese citizens for the following assignment:*

| Position Title | Level | No. of Positions | Duty Station | Application Deadline |
|---|---|---|---|---|
| Administrative Associate | G7 | 1 (One) | Kathmandu, Nepal | 6 December, 2024 |

**Weblink for application: https://www.undp.org/nepal/jobs**

***Only short-listed candidates will be contacted, and UNDP retains the right to contact referees directly during the selection process.***

*UNDP is committed to achieve work force diversity and has a policy to have gender balance among staffs at all levels. Work experience and/or academic knowledge in relation to gender and social inclusion will be an added advantage. Qualified Women, Dalits, Janajatis, Madhesis, Persons with Disabilities, gender and sexual minorities and other minorities are specially encouraged to apply.*

*United Nations has a zero-tolerance against Sexual exploitation and Abuse (SEA) and Sexual Harassment (SH). Everyone is responsible for Preventing Sexual Exploitation and Abuse and Sexual Harassment (PSEA and SH), and all UN personnel must adhere to the standards of conduct that preserves PSEA principles (both during work hours and outside work hours). All selected candidates will, therefore, go through a safe hiring process.*

***All applications will be treated with highest confidentiality.***



## Devtal Rural Municipality
## Office of the Rural Municipality Executive
Pipradhi Goth, Bara

## NOTICE OF INVITATION FOR BIDS

**First Date of Publication: 26th November 2024**

1. Devtal Rural Municipality invites electronic bids from eligible Nepalese bidders for the following works:

| S. N. | Contract No. | Name of Contract | Cost Of Bid Document (NRs.) | Average Annual Construction Turnover | Work Experience of Similar Size and Nature | Bid Validity Period | Bid Security Amount (NRs.)/ Validity Period |
|---|---|---|---|---|---|---|---|
| 1 | DRM/NCB/ W/12/081-082 | Krishi Upaj ko Bhandaran Griha Tatha Shitgriha Nirman Karya, Gamahariya Tole Devtal Ga. Pa.-2 | 5,000.00 | 66,900,000.00 | Cold Store Construction work of NRs. 53,500,000.00/ Truss work- 59,500 Kg | 90 days | 2,365,000.00 / 120 days |
| **Deadline for Bid Submission**: | | | 26th December 2024 till 12:00 Noon | | | | |
| **Date, Time and Place of Bid Opening:** | | | 26th December 2024 at 1:00 PM at Devtal Rural Municipality, Pipradhi Goth, Bara | | | | |
| **Account Number for Bid Document Purchase:** | | | Name of Bank: Siddhartha Bank Ltd.<br>Name of Office: Devtal Rural Municipality<br>Account Name: Aantarik Rajaswa Khata<br>Office Account no.: 00215740156<br>Rajaswa (revenue) Shirshak no: 14229 | | | | |

2. Eligible bidders may obtain further information and inspect the bidding document at Devtal Rural Municipality, Pipradhi Goth, Bara or may visit PPMO **website www.bolpatra.gov.np/egp.**
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
4. Bidders have to submit their bid electronically through e-GP system of PPMO website: **www.bolpatra.gov.np/egp** as specified in the Instructions to Bidders.
5. The office reserves right to accept or reject any or all bids without assigning reasons, whatsoever.



PLAN INTERNATIONAL

## Vacancy Announcement

**Background**

Plan International is an independent development and humanitarian organization that advances children's rights and equality for girls. Working together with children, young people, our supporters and partners; we strive for a just world, tackling the root causes of child poverty to create a more equal world for girls and vulnerable children. Plan International has 85 years' experience doing this in more than 70 countries. Plan International has been working in Nepal since 1978.

Plan is an Equal Opportunity Employer and as such invites applications from interested candidates with priority from females, minority and youth groups for USAID Equity and Inclusion in Education Project until December 2025.

1. **Communication Specialist- USAID Equity and Inclusion in Education** (*Open to all applicants, Fixed term employment until Dec 2025*) based in Country Office.
   Responsibility: The Communication Specialist will be responsible for creating, implementing, and overseeing communication programs that effectively describe and promote the organization and its activities. This role includes creating both external and internal communication content, managing public relations efforts, and ensuring consistent messaging across all platforms. S/He will be responsible for providing overall technical assistance for the design, implementation, monitoring and evaluation of SBCC strategies as well as building the capacity of partners and their frontline staff in SBCC. S/He will work toward influencing children, communities, and duty bearers to adopt and sustain positive behaviours that promote education. outcomes. S/He will ensure the utilization of best practices and learning to inform the development of effective SBCC strategies, frameworks, tools, materials to address a wide range of issues in education.

**To Apply,**

Log on to **www.p2p.com.np** for details of job position. The deadline for application is **Tuesday, 10th December 2024.** Applications are solely accepted through People2People online application procedures. Only shortlisted candidates will be contacted for further selection process. Canvassing at any stage of processes shall lead to automatic disqualification. Due to the urgency of the positions, recruitment will be held on rolling basis and Plan International reserves the right to select a candidate prior to the deadline.

Say Yes ! To Keeping Children and Programme Participants Safe and Protected



## वर्गीकृत डिस्प्ले

**Land For Sale**
Pulchowk Prime Land for sale.
3, 6 anna plots per anna 85 lacs.
Contact: 9851067168

**कर्मचारी चाहियो**
बागबजारको कलेज क्यान्टिनको लागि:
- कुक - 8
- वेटर - 8
- डिसवासर - 3 (महिला)
- म:म: मेकर - 8 (महिला/पुरुष)

9851315604, 9851315608, 9849624014

स्वदेशमै उत्पादित गुणस्तरीय
**सोलार वाटर हिटर**
सस्ता आयातित तथा न्यून गुणस्तरीय सोलार जडान गरेको केही वर्षमा नै बिग्रेर हैरान हुनुहुन्छ ??
महर्जन मेटल इण्डष्ट्रिज
टेकु, काठमाडौं,
५३६२००१, ५३६२०३२
९८०१०३८५३६/९८०१०३८५४०

**वर्गीकृत डिस्प्ले अब मल्टिकलरमा पनि छाप्न सकिने**
श्याम स्वेत: रु. ३०००/-*
स्पट कलर: रु. ३५००/-*
मल्टि कलर: रु. ५०००/-*


घर बिक्रिमा


गाडि बिक्रिमा



जग्गा बिक्रिमा

सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८
Email: mktdisplay@kmg.com.np
* उपरोक्त दररेटहरुमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन ।